20/11/2024

National News

मुख्य समाचार

- भारत र अस्ट्रेलियाका प्रधानमन्त्रीले दोस्रो भारत-अस्ट्रेलिया वार्षिक सम्मेलनमा लिनु भयो भाग
- नेपाल सरकारको एउटा समूह भारतको यात्रामा
- झारखण्ड  र महाराष्ट्रमा विधानसभा चुनावका लागि कड़ा सुरक्षामा भयो मतदान
- भारत-अन्त राष्ट्रीय  फिल्म महोत्सवको गोवामा भयो  शुभारम्भ
- दिल्ली सरकारले सरकारी  कार्यलयमा Work From Home को लियो निर्णय।

प्रधानमन्त्री श्री  मोदी-अस्ट्रेलिया शिखर सम्मेलन

प्रधानमन्त्री श्री  नरेन्द्र मोदी र अस्ट्रेलियाका प्रधानमन्त्री श्री  एन्थनी अल्बनीजले  हिजो ब्राजीलमा दोस्रो भारत-अस्ट्रेलिया वार्षिक सम्मेलनमा भाग लिनुभयो ।दुबै नेताले  रक्षा र सुरक्षा, व्यापार अनि निवेश, शिक्षा, कौशल, खेल, अन्तरिक्ष र जन सम्पर्क सहित विभिन्न क्षेत्रमा व्यापक कार्यनीतिक साझेदारी बढाउने  प्रतिबद्धता व्यक्त गर्नुभयो ।प्रधानमन्त्री श्री मोदीले सोशल मीडिया पोस्टमा भन्नुभयो, दुबै नेता बीच भएको भेटघाट अत्याधिक सार्थक रहयो  र वैश्विक आर्थिक वृद्धिलाई गति दिने क्षेत्रमा र विशेष ध्यान केन्द्रीत गरिएको छ। ।

नेपाल-भारत यात्रा

नेपाल सरकारको दस प्रमुख मन्त्रालय र विभागका छब्बीस नेपाली राजनयिक र अधिकारीहरूको एउटा समूह आजदेखी तिस  नवेम्बर दुई हजार चौबीस सम्म भारतको यात्रामा छ । यस अन्तर्गत यी राजनयिक र अधिकारीहरूले  सुषमा स्वराज Institute of Foreign Service (एस.एस.आई.एफ.एस), विदेश मन्त्रालय, नयाँ दिल्लीमा नेपाली राजनयिक र अधिकारीहरूले पहिलो विशेष प्रशिक्षण कार्यक्रममा  भाग लिनेछन्। नेपाली राजनयिक र अधिकारीहरूको यस समूहमा विदेश मन्त्रालय; वित्त मन्त्रालय; उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय; कानून, न्याय र संसदीय मामीला मन्त्रालय; सन्घीय मामिला र सामान्य प्रशासन मन्त्रालय; संस्कृति, पर्यटन र नागरिक उड्डयन मन्त्रालय; शहरी विकास मन्त्रालय; कृषि र पशुधन विकास मन्त्रालय; भौतिक अवसंरचना र परिवहन

मन्त्रालय; र रेल विभागका प्रतिनिधि शाम◌ेल छन् ।

<u>झारखण्ड-महाराष्ट्र मतदान</u>

झारखण्डमा दोस्रो चरण र महाराष्ट्रमा एक◌ै चरणमा ह◌ुने विधानसभा चुनावका लागि कड़◌ा सुरक्षामा मतदान भयो । निर्वाचन आयोग अनुसार झारखण्डमा दिउसो तीन बज◌ी सम्म एकसाठ्ठी प्रतिशत भन्दा अधिक मतदान भयो भने, महाराष्ट्रमा दिउसो तीन बज◌ी सम्म पैँतालीस प्रतिशत भन्दा अधिक मतदान भएको छ। राज्यमा सबै दुईसय अठासी सीटमा एक◌ै चरणमा चुनाव भएको हो।

<u>इफ्फी</u>

भारत-अन्त राष◌्ट्रीय फिल◌्म महोत्सव आजदेखी गोवामा शुरू भएको छ । समारोहको शुभारम्भ ड◌ाक्टर श्यामा प्रसाद मुखर्जी इण्डोर स्टेडियममा साँझ पा◌ँच बज◌े भयो, जसम◌ा ठूलो संख◌्यामा कलाकारको उपस्थिति छ । ह◌ाम्रा संवाददाताले बताए अनुसार कार्यक्रमलाई लिएर पूर्वाअभयास जारी छ । यसमा शानदार प्रदर्शनका साथ देशको समृद्ध संस्कृति दर्शाइन्छ। उद्घाटन समारोहमा मूक फिल◌्मदेखी ल◌िएर आधुनिक फिल◌्म सम्म भारतीय सिनेमाको यात्रामा प्रकाश गरिनेछ।

<u>भाजपा बिटक्वाइन</u>

भारतीय जनता पार्टीले आज चुनावमा धन उपलब्ध गराउनका लागि Bitcoin's-को अवैध तरीक◌ाले प्रयोग गर्नमा कथित संलिप्तता-का लागि महाराष्ट्र क◌ंग्रेसका अध्यक्ष श्री नाना पटोले र राष्ट्रवादी क◌ंग्रेस पार्टीकी नेता श्रीमती सुप्रिया सुलेको फ◌ेर◌ी पनि आलोचना गरेको छ । नयाँ दिल्लीमा मीडियासंग कुरा गर्दा पार्टी प्रवक्ता श्री संबित पात्राले यस माम◌िल◌ामा जा◌ँचको मांग गर्नुभयो । उहाँले क◌ंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीलाई लक्ष्य गर्दै यस मुद्द◌ामा एउटा संवाददाता सम्मेलन आयोजित गर्न पनि भन्नुभयो । श्री पात्राले महाराष्ट्र विधानसभा चुनावमा उहाँ विरूद्ध विपक्षी नेताको साजिशको आरोपलाई खारिज गर्नुभयो । भाजपा नेताले भन्नुभयो मीडियाको खबर अनुसार लगभग दुई सय पैंतीस करोड़ रूप◌िय◌ा◌ँको यस घोटाल◌ामा महाविकास अघाड़ीका प्रमुख नेता शाम◌ेल छन् भने , भाजपा द्वारा लगाइएको Bitcoin घोटाल◌ाको आरोपलाई श्री पटोले र श्रीमति सुप्रिया सुले-ले खारिज गर्नुभयो ।

## भारत कप-29

भारतले विकासशील देशको वित्तीय आवश्यकताको अनुकूलनसंग सम्बन्धित वचनबद्धता पूरा गर्नका लागि विकसित देशको आह्वान गऱ्यो । अजरबैजानको बाकूमा संयुक्त राष्ट्र जलवायु परिवर्तन शिखर सम्मेलनका लागि कप- उनतीसमा उच्चस्तरीय मन्त्री स्तरीय संवाद जलवायु परिवर्तन अनुकूलन एउटा वक्तव्यमा भारतले भनेको छ, विकसित देश द्वारा उत्सर्जित कार्बनका कारण विकासशील देश जलवायु परिवर्तनको प्रभावले नराम्रो गरी प्रभावित हुदैछ । यसले विकासशील देशको जीवन र आजीविका खतरामा छ । वित्तीय संसाधनको महत्वाकांक्षी प्रवाहको तत्काल आवश्यकताको उल्लेख गर्दै भारतले भनेको छ, नयाँ सामूहिक परिमाणित लक्ष्य-एन.सी.क्यू.जी –लाई ढिलो भुक्तानी प्रक्रिया, बद्लीदो आवश्यकता अनुकूल बनाउन लचीलेपनको कमी र कडा पात्रता मानदण्डका साथ जटिल अनुमोदन प्रक्रियालाई निपटाउनु आवश्यक छ ।यसरी प्रक्रिया जलवायु वित्त हासिल गर्न बाधा बनीरहेको छ।

## संशो दिल्ली- वायु गुणवत्ता

राष्ट्रीय राजधानी दिल्लीमा खराब वायु गुणवत्ताका कारण दिल्ली सरकारले सरकारी कार्यलयमा Work From Home लागू गर्ने निर्णय लिएको छ । दिल्ली सरकारले केवल पचास प्रतिशत कर्मचारीले नै घरबाट काम गर्ने बताएको छ। आदेशलाई सुचारू रूपमा लागू गर्नका लागि दिल्लीका पर्यावरण मन्त्री श्री गोपाल रायले यस उपायलाई लागू गर्न आज एउटा बैठक बोलाउनु भयो । दिल्ली-एन.सी.आर क्षेत्रमा वायु गुणवत्ता आज दिउसो एक बजी सम्म चार सय तिस-को औसत वायु गुणवत्ता सूचकांकका साथ गम्भीर श्रेणीमा थियो । केन्द्रीय प्रदूषण नियन्त्रण बोर्ड अनुसार शहरका केही भागले चार सय पचास वायु गुणवत्ता सूचकाङ्क स्तर पार गरेको छ । दिल्लीको अशोक विहारमा चार सय छयासठ्टी, आनन्द विहारमा चार सय उन्नसाठी, जहान्गीर पुरीमा चार सय सतसट्ठी, मुण्डकामा चार सय चौसट्ठी, रोहिणीमा चार सय बयसट्ठी र वजीरपुरमा चार सय छयासठ्ठी दर्ता गरिएको छ।

## श्रीलंका-एडीबी

एशियाई विकास बयाङ्क-ए.डी.बी.-ले श्रीलंकाको वित्तीय क्षेत्रलाई सशक्त बनाउन सहायता गर्नका लागि दुई सय मिलियन डलरको पोलिसी आधारित ऋणको स्वीकृती दिएको छ । यो स्वीकृतिले देशको अर्थव्यवस्थालाई स्थिर गर्न र पछिलो वर्ष शुरू भएको वित्तीय संकटको प्रबन्धन गर्ने दिशामा ए.डी.बी को वित्तीय क्षेत्रको स्थिरता र सुधार कार्यक्रम अन्तर्गत दोस्रो सहायक योजनालाई दर्शाउछ । एउटा वक्तव्यमा ए.डी.बी –ले भनेको छ यस कार्यक्रमको उद्देश्य वित्तीय क्षेत्रमा ढाँचागत सुधारलाई लागू गर्न दीर्घकालिक वृद्धिलाई

स्थापित गर्नु हो । यसमा सत◌्त रिकवरी, आर्थिक लचील◌ोपन र गरीबी उन्मूलनमा ध्यान केन्द्रित गरिनेछ । ब◌्याङ्कले व्यापक आर्थिक स्थितिलाई स्थ◌िर गर्न र वित्तीय ढा◌ँच◌ाको सुधार गर्नमा श्रीलंकाको प्रगतिको प्रसंशा गऱ्यो । सूक्ष्म, लघु र मध्यम उद्यमलाई समर्थन द◌िनका लागि विशेष ऋण सहित मुख्य रूपमा महिलाद्वारा संचालित व्यवसायका लागि लाभदायक प◌्याकेज लागू गरिनेछ ।

## अमरीका दूतावास - कीव

यूक्रेनको राजधानी कीवमा हवाई हमल◌ाको आशंका चल्दै अमरीकी दूतावासलाई बन्द गरिएको छ । अमरीकी विदेश मन्त्रालयको वक्तव◌्यमा बताइएको छ , यूक्रेनको राजधानीमा दूतावासमा संभावित हवाई हमल◌ाको खबर मिल◌ेको छ । एहतियातमा, दूतावासलाई बन्द गरिएको छ र अमरीकी नागरिकलाई हवाई अलर्टको स्थितिमा तत्काल सुरक्षित स्थानमा जानका लागि तयार रहने सलाह द◌िइएको छ ।